नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ २८ गते २०१४ साल

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २० (७ क. २०१०)

शिक्षा मन्त्रालय-अन्तर्गत पद्म-कन्या कलेजका निमित्त एकजना इतिहासको लेक्चरर चाहिएको छ । योग्य उमेदवारहरुले प. स. क. दरखास्त फाराम न. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट भरी २०१४ साल श्रावण २१ गते रोज २ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु ३। वा त्यतिको नेपाली टिकटसहित दरखास्त गर्नु होला । फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर विचार हुनेछैन । दरखास्त फारामको नमुना प्रत्येक नेपाली हुलाक, गढी, गौंढा गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छः—

१. पदः—इतिहास लेक्चरर, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः— इतिहास डिग्री एम. ए. पास ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९१९

३. बांछनीय योग्यता:— महिलालाई प्राथ्यता दिने ।

४. मासिक तलबको स्केल र भत्ता:— तलबको स्केल मोरु १८०। देखि ३००।
महँगी भत्ता मोरु २०।

५. यो पोष्टमा नेपाली नपाई अनेपाली भर्ना भएमा दुइ वर्षसम्म म्यादीमा काम गर्नु पर्छ। तलबको स्केल भा· रु· २०० देखि ३००।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा.

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।